# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
१ नं. प्रदेश नेपाल


पत्र संख्याः २०७९/०८० (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा)
चलानी नं.: १२६८

मिति :- २०७९-०९-१२ गते

श्री सम्पूर्ण वडा कार्यालय,
कचनकवल गाउँपालिका, झापा ।

**विषयः सूचना सम्बन्धमा ।**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४९ मिति २०७९/०९/०६ को प्राप्त पत्रानुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०७९/०९/०१ को पत्रसाथ प्राप्त मिति २०७९ पुस १ गते गोरखापत्रमा प्रकाशित महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि उपलब्ध गराउने सम्बन्धी सूचना आवश्यक जानकारीका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थ
१. श्री सूचना तथा प्रविधि शाखा। वेबसाइटमा अपलोड गरिदिनुहुन ।

..............................
हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं.:- ०७९/८०

चलानी नं.:- २४९

मितिः- २०७९/०९/०६

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १२२ मिति २०७९/०९/०१ को पत्रसाथ प्राप्त मिति २०७९ पुस १ गते गोरखापत्रमा प्रकाशित महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि उपलब्ध गराउने सम्बन्धी सूचना आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- इमेल मार्फत जानकारी गराइदिनुहुन।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौं**
(राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई)

फोन: ०१-४२००३२८

प.सं. ०७९/०८०
च.नं.: रा.म.उ.स.इ १२२

मितिः२०७९।०९।१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**दर्ता नं.:-** २०६८
**दर्ता मितिः-** ९/५

**विषयः सूचना सम्बन्धमा।**

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत **प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरुलाई प्रविधि सहयोग** उपलब्ध गराउने सम्बन्धी सूचना मिति २०७९/०९/०१ को गोरखापत्रमा प्रकाशित भएको छ। उक्त सूचना सबै स्थानीय तहहरुमा जानकारी गराउने प्रयोजनको लागि सबै स्थानीय तहहरुमा परिपत्र गरी तहाँको वेवसाइटमा समेत राखिदिनहुन आदेशानुसार अनुरोध छ ।

**संलग्न**

सूचना थान-१

श्री स्थानीय तह समन्वय शाखा।

नीता शर्मा
उपसचिव

of 90 days from the date of bid opening and date of ... or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 16 May 2023)

8. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

---

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौँ

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०७९ पुस १ गते शुक्रबार)**

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू:**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,
(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,
(घ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,
(ङ) व्यावसायिक योजना,
(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूमा सिफारिस गरी पठाउनहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोट : ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ वमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति : २०७९ साल पुस १५ गते कार्यालय समयभित्र।**